CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #१०४


२० ।०१ ।२०७८

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## आन्तरिक र अन्तरराष्ट्रिय आवागमन सम्बन्धी सरकारले गरेका निर्णयहरु

१. २०७८ बैशाख २० गते राती १२:०० देखी नियमित आन्तरिक हवाई उडान बन्द गर्ने ।





२. अन्तरराष्ट्रिय उडानबाट आउने/जाने यात्रुहरुको बारकोड सहितको पीसीआर रिपोर्ट अनिवार्य गर्ने ।

३. २०७८ बैशाख २० गते राती १२:०० देखी भारतसँग कायम रहेको एयर बबल सुविधा केही समयको लागि स्थगन गर्ने ।





४. दक्षिण अफ्रिका र ब्राजिबाट आउने यात्रुलाई नेपाल प्रवेशमा रोक लगाउने ।

५. अन्तरराष्ट्रिय सीमा स्थल नाकाबाट विदेशी नागरिकलाई प्रवेश नदिने ।



स्रोत: https://ccmc.gov.np/key_decisions/key%20decision%2024.pdf

## नेपाल अपडेट



काभ्रेको पनौती - ४ को वडा कार्यालयमा तयार हुँदै गरेको आईसोलेशन सेन्टरको विरोधमा स्थानीय ।

तस्विर: केशवराज पौडेल

**परिक्षण**

पिसिआर परिक्षण: २५,२१,१६४


पोजेटिभ: ३,४३,४१८

उपचाररत: ५४,०४१

मृत्यु : ३,३६४

सन्चो भएका : २,८६,०१५






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



सरकारले प्रोत्साहन भत्ता उपलब्ध नगराएका कारण स्वास्थ्यकर्मीले जागिर छोडेका सामाचार आइरहेकाछन नी ?

यस कुरालाई मध्यनजर गरेर सरकारले कोभिड - १९ को पहिचान, निदान र उपचार, एम्बुलेन्स सञ्चालन, शव व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, सरसफाईकर्मी र सुरक्षकर्मीलाई ६ महिनासम्म शुरु तलबस्केलको ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरेको छ ।


स्रोत: https://ccmc.gov.np/key_decisions/key%20decision%2024.pdf



सरकारले स्वास्थ्य सामाग्रीमा कर छुट नदिएकै कारण अक्सिजन लगाएतका कोभिडको उपचारमा आवश्यक स्वास्थ्य सामाग्रीको अभाव हुँदैछ भन्ने सुनिन्छ ।

कोभिड - १९ महामारीबाट संक्रमित बिरामीहरुको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने अक्सिजन लगाएत स्वास्थ्य सामाग्री ल्याउँदा लाग्ने भन्सार महसुल, मुल्य अभिवृद्धि कर तथा अन्त शुल्क समेत छुट हुने कुरा सरकारले निर्णय गरिसकेको छ । कुनकुन सामाग्रीमा छुट पाईने हो भनेर विस्तृत रुपमा तलको लिंकमा हेर्नुहोस् ।

स्रोत: https://cutt.ly/UbxTkTh



अब विदेश जान सरकारले तोकेको प्रयोगशालामा मात्र पीसीआर परीक्षण गराउनु पर्छ रे ।

हो, विदेश जानेको हकमा सरकारले पीसीआर परीक्षणको मापदण्ड बनाएको छ । विदेश जाने व्यक्तिले अब सरकारी पीसीआर प्रयोगशाला, १०० बेड भएका अस्पतालमा रहेका पीसीआर प्रयोगशाला र "ए" बर्गका प्रयोगशालामा मात्र पीसीआर परीक्षण गर्नुपर्नेछ ।

स्रोत: https://cutt.ly/1bzmfup



कोरोनाको दोस्रो लहर आएसँगै मान्छेमा त्रास झनै बढेको छ । यो सँगै कोरोना बीमा सेवा पनि बन्द हुँदैछ भन्ने हल्ला छ ।

हो, कोरोना बीमाको अवधी २०७८ साल असार मसान्त सम्म मात्र रहनेछ । तर, असार मसान्त भित्र संक्रमित बिमितले भने बीमा दावी गर्न पाउनेछन् । कोरोनाको संक्रमण बढ्दै गए पनि कोरोना बीमालाई निरन्तरता दिने सम्बन्धमा सरकारले कुनै निर्णय गरेको छैन ।

स्रोत: https://nib.gov.np/wp-content/uploads/2020/10/Circular-6-2077.078.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ४,१९,३४८ संक्रमित | २,७६,५८६ संक्रमित | १,७९,२९७ संक्रमित | २,०६,९४८ संक्रमित | ५,२५,५६७ संक्रमित | १,९६,९०० संक्रमित | ३,९२,९४२ संक्रमित | १,१९,३८७ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## कुवेतमा अहिलेको ताजा खबर के छ त ?

१. सरकारी प्रोजेक्ट भिषामा करार अवधी सकिएका कामदारले सजिलै कम्पनी परिवर्तन गर्न सकिने भएको छ ।

२. विद्यार्थी, विद्यालयका कर्मचारी र शिक्षकहरूलाई कोभिड विरुद्धको खोप अनिवार्य लगाउनको लागि नाम दर्ता गर्न स्वास्थ्य मन्त्रालले अनुरोध गरेको छ ।

३. सन् २०२० भित्र मात्रै १,५१,९९० आप्रवासीको वर्क पर्मिट रद्द भएको छ । केहीको मृत्यु भएर, केहीले आफ्नो भिषालाई पारिवारिक भिषामा परिवर्तन गरेर र धेरैले कोभिडको कारण जागिर गुमाएर कुवेत छोडेका कारण ठूलो मात्रामा वर्क पर्मिट रद्द गरिएको हो ।

४. कोभिड - १९ का कारण भिषा म्याद भएका ३ लाख ५० हजार आप्रवासी कामदारहरु आ-आफ्नै मुलुकमा रोकिएकाछन् ।

५. २६ अप्रिल, २०२१ सम्मको तथ्यांक अनुसार कुवेतमा आप्रवासीको संख्या १५,८६,४९४ रहेको छ । यो संख्यालाई हेर्दा अहिलेको अवस्थामा ३१ प्रतिशत कामदारको सर्टेज रहेको छ ।

६. कोभिड खोपको सर्टिफिकेटका लागि इमुन (IMMUNE) एप्स सबैका लागि अनिवार्य गरिएको छ । यदी कोभिड-१९ बिरुद्धको खोप लगाउनु भएको छ भने यो मोबाईल एप्सको प्रयोग गर्नुहोला ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**
रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**
रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**
रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**
रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**
रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

accountabilitylab NEPAL


# दिगो स्रोत देशमा छ, तर युवा रोजगार खोज्न विदेशिदैछन्




खजुरा – २, बाँकेका महेश्वर धिताल शर्माले वैदेशिक रोजगारको शिलशिलामा ३ वर्ष युएई र ६ वर्ष मलेशियामा बिताए । करिब एक दशक वैदेशिक रोजगारीमा बिताए पनि उनले सोचे जस्तो कमाई गर्न सकेनन् । विदेश गएपछि धेरै सपनाहरु पुरा होलान् भन्ने सोचेका शर्माले सोचे जस्तो भईरहेको थिएन । यसै बिच उनले नेपाल फर्किने योजना बनाए । उनी नेपाल फर्किदा पनि बेरोजगारीको अवस्था जस्ताको त्यस्तै थियो । उनलाई अब त केही गर्न सकिदैन जस्तो लागेको थियो । तर, परिवारको साथ र सहयोगले उनसिँग केही गर्छु भन्ने आश बाँकी नै थियो ।

सामाजिक क्षेत्रमा निकै चासो राख्ने उनि स्वदेशमा बसेर के गर्ने कसो गर्ने चिन्तामा भैरहेको बेला स्थानीय जनप्रतिनिधि र वैदेशिक रोजगारबाट फर्किएका युवाहरु बिच अन्तरकृया कार्यक्रममा सहभागि भए । पालिकाकी उप-प्रमुखले उपप्रमुखले समुह दर्ता गर्न सल्लाह दिईन् । सोही बमोजिम वैदेशिक रोजगारबाट फर्केका युवाहरुको समूह गठन भयो । महेश्वर सहसंयोजक बने । समुह सकृय बन्दै गयो । समुहका प्रत्येक सदस्यले मासिक १०० रुपैयाँ बचत गर्नथाले । आफ्नै कोष पनि बढ्दै गयो ।

उनको समुह अहिले पालिकाको हरेक कार्यक्रममा पुग्ने र युवाका लागि रोजगार मुलक कार्यक्रम माग गर्ने गर्दछ । धेरै पटक मौखिक प्रतिबद्धता पाइसकेका उनिहरु ती प्रतिबद्धता कार्यन्वयन हुन नसक्दा भने केहि निराश हुन्छन् । उनको समुह अहिले पालिकाकाले दिने हरेक कृषि सम्बन्धी तालिममा सहभागी भईरहेको छ । यही शिलशिलामा उनको समुहले पालिकाबाट कृषिका लागि बिउबिजन अनुदानमा पायो । जसबाट उनको समुहले अपेक्षित उत्पादन गरिरहेका छ ।




उनी भन्छन्, "सरकारले केही गरिदिएन भनेर बस्यो भने कहिलेई रोजगार भईदैन । सरकारसँग स्रोत छ । हमिले प्रकृया नबुझ्दा त्यसको सदुपयोग गर्न पाएका रहेनछौं । अर्को तर्फ सरकारलाई जिम्मेवार बनाउने पनि त हाम्रै दायित्व हो । युवाहरूले सामुहिक रुपमा व्यवसाय गर्ने हो भने त स्वदेशमै व्यवसाय गर्न स्रोतको कमी नहुने रहेछ ।" महेश्वरले अब वैदेशिक रोजगारीमा नजाने निर्णय गरेकाछन् । उनी चाहन्छन्, राज्यले उनीजस्ता युवाको मलसाय बुझेर योजना बनाओस् ।



# रेडियो कार्यक्रम पद्धती

## संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams    @civacts    @CivActs